# विपद् जोखिम न्यूनीकरण नीति, २०७६
# विराटनगर

**विराटनगर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**प्रदेश नं. १, विराटनगर**

**२०७६ माघ**

विषयसूची

१. पृष्ठभूमि:- ........ 1

२. परिभाषा:- ........ 1

३. विपद् जोखिमको वर्तमान अवस्था:- ........ 2

४. चुनौती र अवसर:- ........ 3

५. नीतिको आवश्यकता:- ........ 4

६. दीर्घकालीन सोच:- ........ 4

७. ध्येय:- ........ 4

८. लक्ष्य:- ........ 4

९. उद्देश्यहरू:- ........ 5

१०. मार्गदर्शक सिद्धान्त:- ........ 5

११. नीति:- ........ 6

१२. नीतिको कार्यान्वयन: ........ 9

१३. समन्वय, अनुगमन तथा मूल्याङ्कन: ........ 10

१४. नीति पुनरावलोकन:- ........ 11

# विपद् जोखिम न्यूनीकरण नीति, २०७६

## १. पृष्ठभूमि

पूर्वी नेपालको औद्योगिक तथा व्यापारिक शहर विराटनगर ऐतिहासिक रूपमा विराट राजाको राजधानीका रूपमा परिचित विराटनगर महानगरपालिका वर्तमान सङ्घीय संरचनामा पनि प्रदेश नं. १ को राजधानी बनेको छ । शहरी र ग्रामीण दुवै परिवेश रहेको महानगरापालिकाको प्रमुख आयास्रोत उद्योग र व्यापार र कृषि रहेको छ । देशकै महत्वपूर्ण औद्योगिक र व्यापारिक क्षेत्रका रूपमा विकसित हुँदै गएको यस महानगरलाई सबै प्रकारका विपदबाट सुरक्षित, उत्थानशील र समृद्ध तुल्याउँदै विपद् जोखिम न्यूनीकरणलाई संस्थागत गर्नु सान्दर्भिक भएकोले “विपद् जोखिम न्यूनीकरण नीति, २०७६” तर्जुमा गरेको छ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा

(क) “अझ बलियो र अझ राम्रो ” भन्नाले विपद्का कारण क्षति भएका संरचना एवं भौतिक पूर्वाधार निर्माण गर्दा विपद् पर्नु पहिले बनाइएका संरचनाभन्दा अझ बलियो निर्माण गरी विपद् उत्थानशीलता अभिवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ख) “ऐन” “विराटनगर महानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन, २०७५” सम्झनु पर्दछ ।

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस महानगरपालिकाको प्रचलित कानूनबमोजिम तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(घ) “नीति” भन्नाले विपद् जोखिम न्यूनीकरण नीति, २०७६ सम्झनु पर्दछ ।

(ङ) “प्रदेश ऐन” भन्नाले प्रदेश सरकार प्रदेश नं. १ बाट जारी भएको विपद् व्यवस्थापन ऐन, २०७५ प्रदेश सम्झनु पर्दछ ।

(च) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन, विपद्को रोकथाम तथा विपद् बाट हुने क्षतिको न्यूनीकरण तथा विकास कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्दछ ।

(छ) “विपद् प्रभावित” भन्नाले विपद्का कारण जीवन, जीविकोपार्जन, शिक्षा तथा स्वास्थ्य सेवामा प्रतिकूल असर परी त्यसबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित भएका व्यक्ति, परिवार वा समूहलाई सम्झनुपर्छ ।

(ज) “विभिन्न तह” भन्नाले विश्वव्यापी वा अन्तर्राष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय, राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहलाई जनाउनेछ ।

(झ) “विषयगत क्षेत्र” भन्नाले महानगरपालिकाको वार्षिक तथा आवधिक योजनाले पहिचान गरी निर्धारण गरेका विकाससँग सम्बन्धित विषयलाई सम्झनुपर्दछ ।

(ञ) “राष्ट्रिय नीति” भन्नाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ लाई सम्झनु पर्दछ ।

(ट) “राष्ट्रिय रणनीति” भन्नाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५ लाई, सम्झनु पर्दछ ।

(ठ) “सङ्घीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्दछ।

(ड) “सरोकारवाला निकाय” भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपद् व्यवस्थापनमा सहयोग प्रदान गर्ने वा गर्न सक्ने सरकारी, संयुक्त राष्ट्र संघीय निकाय, गैह्रसरकारी संस्था वा निकाय, सामुदायिक संघ वा संस्थालाई जनाउँछ ।

(ढ) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्दछ ।

(ण) “सञ्जालीकरण” भन्नाले विभिन्न तहमा स्थापना भएका आपत्कालीन कार्य संचालन केन्द्रबीच सूचना आदान प्रदान गरिएको संयन्त्रलाई सम्झनु पर्दछ । यस शब्दले समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरुको सञ्जाललाई समेत बुझाउनेछ ।

## ३. विपद् जोखिमको वर्तमान अवस्था

विराटनगर महानगरपालिकामा ठूला नदी नभएका कारण नदीबाट आउने बाढीको जोखिम न्यून छ । तर यस महानगरको पूर्वी क्षेत्र भएर बग्ने सिङ्घीया खोलाले वडा नं. १, २, ७, ८, १४, १८ र १९ का धेरै भागहरूमा कटान तथा डुवान गर्ने गरेको छ । त्यसैगरी पश्चिम सिमाना भएर बग्ने केशलिया खोलाले वडा नं. ४, ५, ६, ११, १२ र १६ का धेरै भागहरूमा कटान तथा डुवान गर्ने गरेको छ । यसका साथै आषाढ, श्रावण, भाद्र महिनामा हुने मनसुनी वर्षाका समयमा स-साना खोल्सा खोल्सी र पैनीमा पानी भरिएर बस्तीहरूमा डुवानको समस्या उत्पन्न हुने गरेको छ । बढ्दो शहरीकरण, भौतिक पूर्वाधारको निर्माणका कारण वर्षाको पानी सहज रूपमा बग्न नपाएर बजार र बस्ती डुवानमा पर्ने समस्या रहेको छ ।

नेपाल भूकम्पको उच्च जोखिममा भएका कारण विराटनगर महानगरमा पनि भूकम्पको जोखिममा रहेको छ । यद्यपि, २०४५ सालपछिका भूकम्पबाट प्रत्यक्ष प्रभाव परेको भने देखिन्न । जनावर आतङ्क (विशेषगरी छाडा कुकुर), हुरीबतास, शीतलहर, चट्याङ, स्थानीय र

विश्वव्यापी महामारी, सर्पदंश, डेङ्गु, कालाजार, बर्डफ्लू, असिनालगायतका प्राकृतिक विपदबाट महानगर जोखिममा रहेको छ । सडक दुर्घटना, शहरी प्रदूषण, विद्युतीय दुर्घटना, आगलागीजस्ता मानवसिर्जित विपदबाट पनि महानगरपालिका जोखिममा रहेको छ ।

विराटनगर महानगरपालिका र आसपासका क्षेत्र औद्योगिक विकासमा तीव्र गतिले अघि बढिरहेका छन् । यसले शहरीकरण, व्यापार व्यवसायमा विविधिकरण र आधुनिक प्रविधिको विकास निरन्तर बढ्दै गएको छ । परिणामस्वरूप यहाँ मानवकृत विपद्का रूपमा औद्योगिक दुर्घटना, विशाक्त रसायन तथा ग्यासको चुहावट र वातावरण प्रदूषण प्रमुख सम्याका रूपमा देखिन थालेका छन् ।

## ४. चुनौती र अवसर

विराटनगर महानगरपालिकामा विपद् सम्बन्धी देहायका समस्या तथा चुनौति देखिएका छन्:

(क) भवन निर्माण संहिताको कार्यान्वयनमा व्यापक सुधार र कमजोर भवनको प्रबलीकरणमा प्राथमिकता दिनु जरुरी देखिएको ।

(ख) विपद् जोखिम न्यूनीकरणलाई विकास योजनामा समायोजन वा मूलप्रवाहीकरणको अभ्यासलाई शसक्त बनाउनु जरूरी रहेको ।

(ग) कुनै पनि विपद्को सामना गर्ने ज्ञान, सीप र प्रविधिको प्रवर्द्धन हुन नसकेको ।

(घ) ठूला व्यापारिक भवनहरूमा अग्नी सम्यक यन्त्र र प्रणाली जडान नभएको र आपत्कालीन बहिर्गमन मार्ग समेत नभएको ।

(ङ) गुणस्तरीय शिक्षाका लागि शिक्षालय सुरक्षा र जोखिम न्यूनीकरण प्रवर्द्धन कमजोर रहेको।

(च) विषयगत क्षेत्र, औद्योगिक क्षेत्रका सुरक्षा संयन्त्रमा विकास गर्नु आवश्यक देखिएको ।

(छ) विपद्का समयमा सुरक्षित रहने उपायको प्रवर्द्धनका लागि नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने व्यवस्थालाई प्रवर्द्धन गर्नु जरूरी देखिएको ।

(ज) गरिबी निवारण वा जीविकोपार्जनका कार्यक्रममा जोखिम संवेदनशील क्रियाकलाप समावेश गर्न क्षमता र बजेट विनियोजनमा सुधार आवश्यक रहेको ।

(झ) पारिवारिक आपत्कालीन योजना तर्जुमा गरी विपद् जोखिम न्यूनीकरणमा नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु जरुरी छ ।

(ञ) आपत्कालीन योजना, खुला स्थानको पहिचान र व्यवस्थापन, नगर खोज तथा उद्धार दलको विकास, आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापनालगायतका कार्य गर्नु आवश्यक रहेको देखिन्छ ।

## ५. नीतिको आवश्यकता

महानगरपालिकालाई देहायका कारणले विपद् जोखिम न्यूनीकरण नीतिको आवश्यकता रहेको छः

(क) विपद् जोखिम न्यूनीकरणमा महानगरपालिकाको दीर्घकालीन सोच र परिकल्पना सुनिश्चित गर्न ।

(ख) विपद् तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट महानगरलाई सुरक्षित राखेर उत्थानशील विकासको प्रवर्द्धन गर्न ।

(ग) विकासका कारण बढ्ने जोखिम न्यूनीकरणलाई समयानुकूल रूपमा निरन्तरता दिन ।

(घ) विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने प्रयासमा सघाउन ।

(ङ) विपदपूर्व, विपद्का समयमा र विपद् पश्चात मानिस र मानिसका सम्पत्ति तथा प्राकृतिक सम्पदामाथि पर्ने प्रतिकूल प्रभावको सहज रूपमा सामना गर्ने क्षमता विकास गर्न ।

(च) स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै सबै निकाय, क्षेत्र, समुदाय र वर्गसँग समन्वय र साझेदारी अभिवृद्धि गरी महानगरलाई विपद् उत्थानशील बनाउन ।

## ६. दीर्घकालीन सोच

विपद् जलवायुजन्य जोखिमबाट सुरक्षित र उत्थानशील समुदायको विकासका माध्यमबाट सुरक्षित नगरको विकास गर्नु यस नीतिको दीर्घकालीन सोच रहेको छ।

## ७. ध्येय

महानगरमा सञ्चालन हुने विकासका विषयगत क्षेत्रमा विपद् र जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरणद्वारा विपदबाट मानिस र मानवीय तथा प्राकृतिक सम्पत्तिमा हुने क्षति कम गरी उत्थानशीलता अभिवृद्धि गर्नु यस नीतिको ध्येय रहेको छ।

## ८. लक्ष्य

विपद्का कारण हुने मानवीय मृत्यु तथा प्रभावित व्यक्तिको सङ्ख्या घटाएर जीविकोपार्जनका साधन, स्वास्थ्य र शिक्षा, कृषि, उद्योग, व्यापारलगायतका पूर्वाधार र सेवामा हुने क्षति र नोक्सानी एवं अवरोध हटाएर उत्थानशील नगरको विकास गर्नु यस नीतिको लक्ष्य हुनेछ ।

## ९. उद्देश्यहरू

महानगरमा सञ्चालन हुने विकासका सबै योजना एवं कार्यक्रममा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका विधिलाई मूलप्रवाहीकरण गरी मानिसको जीवन र मानवीय तथा प्राकृतिक सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, उत्पादनका साधन, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति कम गरी महानगरबासीको उत्थानशीलता अभवृद्धि गर्नु यस नीतिको मूख्य उद्देश्य रहेको छ ।यस नीतिका विशिष्ट उद्देश्य देहायबमोजिम छन्:

5.1. महानगरको बहूप्रकोप र विपद् जोखिम नक्साङ्कन एवं अभिलेखिकरणका साथै पूर्वसूचना प्रणालीको विकास गरी सबै निकाय र समुदायमा त्यसको सूचना सम्प्रेषण सुनिश्चित गर्ने,

5.2. समावेशी विपद् व्यवस्थापनमार्फत् विपद् जोखिम शासकीय पद्धतिलाई सुदृढ बनाउने,

5.3. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणसम्बन्धी कार्यलाई महानगरका सबै विकास योजनामा मूलप्रवाहीकरण गर्ने,

5.4. सङ्घ र प्रदेश, छिमेकी स्थानीय तह, विकास साझेदार, नागरिक समाज एवं निजी क्षेत्रसँग साझेदारीका माध्यमबाट विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने,

5.5. आपत्कालीन प्रतिकार्य र पुनर्लाभ एवं पुनर्निर्माणमा “अझ बलियो र अझ राम्रो” निर्माणका माध्यमबाट पुनःस्थापनलाई प्रभावकारी बनाउने ।

## १०.मार्गदर्शक सिद्धान्त

महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण नीति देहायका अवधारणामा आधारित भएर विकास गरिएको छः

6.1. नेपालको संविधान र कानूनले निर्धारण गरेको भूमिका र जिम्मेवारीबमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको सिद्धान्त अवलम्बन गर्ने ।

6.2. सङ्घीय सरकारबाट भएका निर्णयअनुरूप विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशील प्रदेशको निर्माण गर्ने ।

6.3. प्रदेशमा हुने बहू-प्रकोपको पहिचान, विपद्को जोखिम र न्यूनीकरण तथा व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै जोखिम संवेदनशील विकासको प्रबर्द्धन गर्ने ।

6.4. प्रदेश, स्थानीय तह, सरोकारवालासहित नागरिकको प्रत्यक्ष सहभागितामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्दै विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा स्थानीय स्रोत, साधन, सीप र रैथाने ज्ञानको प्रबर्द्धनसहित नवप्रवर्तनमुखी प्रविधिको प्रयोग गरी उत्थानशीलता अभिवृद्धि गर्ने ।

6.5. विपद् उत्थानशील विकासमा सार्वजनिक र निजी लगानीमार्फत् वित्तीय लगानी बढाउने।

6.6. विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनमा "अझ बलियो र अझ राम्रो" अवधारणालाई आत्मसात गर्ने ।

## ११. नीति

विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशील महानगरको विकासका लागि महानगरपालिकाले देहायका नीति अवलम्बन गर्नेछ :

१. महानगरभित्र र बाह्य कारणबाट उत्पन्न हुनसक्ने बहूप्रकोपमा आधारित जोखिमको अध्ययन एवं अनुसन्धान गरी तथ्यगत अभिलेखीकरण गरिनेछ ।

२. महानगरपालिकाको आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा प्रकोपको प्रकृति, विपद्को सम्भावना र प्रभावको प्रक्षेपण गरी जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी भौगोलिक सूचना प्रणाली, पूर्वसूचना प्रणालीलगायतका प्रविधि हस्तान्तरणका निमित्त प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।

४. महानगर स्तरीय विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी राष्ट्रिय तथा प्रदेश स्तरीय सूचना प्रणालीसँग आवद्ध गरी व्यवस्थित गरिनेछ ।

५. महानगरपालिकाका नियमित विकास कार्यक्रम एवं योजना तयारी वा डिजाइन र कार्यान्वयन गर्नु पहिले बहूविपद् जोखिम र त्यसको सम्भावित परिणामको प्रक्षेपण गरी जोखिम न्यूनीकरणका उपयुक्त विधि अपनाउने नीति लिइनेछ ।

६. विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउन समयानुकूल संस्थागत सुधार गरिनेछ ।

७. विपद्को प्रकार, स्थान, सामाजिक तथा आर्थिक अवस्थालाई समेत दृष्टिगत गर्दै सञ्चारमाध्यममार्फत् सूचनामूलक सन्देशहरू सम्प्रेषण गरी जनेतना अभिवृद्धि गरिनेछ।

८. राष्ट्रिय भूउपयोग नीति अनुरुप महानगरपालिकाको जोखिम सम्बेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

९. सबै वडामा राष्ट्रिय भवन संहिता तथा भ◌ा}}}}}}तिक पूर्वाधार निर्माण मापदण्डको कार्यान्वयन गरिनेछ ।

१०. महानगरपालिकाभित्रका शैक्षिक संस्थाको संरचनात्मक तथा गैह्रसंरचनात्मक जोखिम लेखाजोखा तथा जोखिम न्यूनीकरण गरी गुणस्तरीय सिकाइ वातावरण निर्माणको नीति अवलम्बन गरिनेछ ।

११. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गरी पठनपाठन गर्ने नीति लिइनेछ ।

१२. प्राकृतिक गैरप्राकृतिक विपद्हरूको नियमित रूपमा लेखाजोखा र मापन गरी जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

१३. उच्च जोखिममा रहेका क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गरी समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गरिनेछ ।

१४. समुदायमा आधारित विपद् व्यवस्थापनमार्फत् रैथाने तथा परम्परागत ज्ञान, सीप प्रविधि र अभ्यासको प्रवर्द्धन गरी विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणको प्रवर्द्धन गरिनेछ ।

१५. सबै क्षेत्रका मौजुदा भौतिक संरचनामा रहेको अवशिष्ट जोखिम पहिचान र लेखाजोखा गरी जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१६. उद्योग, व्यापार व्यवसाय, शिक्षा, जनस्वास्थ्य र नगरवासीको जीविकोपार्जनमा पर्न सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनीकरण गरिनेछ ।

१७. मानव जीवन, भौतिक एवं गैरभौतिकलगायत सबै प्रकारक सम्पत्तिको बीमा गरी जोखिम हस्तान्तरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिई प्रोत्साहन गरिनेछ ।

१८. महानगरवासीको घरायसी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तयार गर्न प्रोत्साहन गरिनेछ ।

१९. महानगरपालिका भएर बग्ने नदी व्यवस्थापन गर्दै माथिल्लो र तल्लो तटीय क्षेत्रको सुरक्षाका लागि पुर्वसूचना प्रणालीको स्थापना र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२०. विपद् तथा जलवायुजन्य जोखिमको अध्ययन तथा अनुसन्धानका लागि प्रदेश सरकार, विकास साझेदार, निजी तथा गैरसरकारी संस्थाहरू, प्राज्ञिक निकाय र सार्वजनिक तथा निजी अनुसन्धान केन्द्रहरूबीच सहकार्य गर्ने नीति लिइनेछ ।

२१. विपद् जोखिम न्यूनीकरणका सबै चरणमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायहरूको पहुँच र प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

२२. विपद् संवेदनशीलताअनुरुप सार्वजनिक भौतिक संरचनाहरूलाई सबै वर्गको पहुँच सुनिश्चित गर्न अपाङ्ग एवं बालमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

२३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

२४. विपद् उत्थानशील विकासका लागि निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार र दातृ संस्थालगायतको लगानी प्रवर्द्धनका लागि प्रोत्साहन गरिनेछ ।

२५. महानगरस्तरीय विपद् जोखिम न्यूनीकरण समूहको गठन गरी विपद् व्यवस्थापनमा युवा र सबै सरोकारवालाको सक्रिय सहभागिता बढाउने नीति अवलम्बन गरिनेछ।

२६. स्थानीय र विश्वव्यापी रूपमा फैलिने महामारीजन्य विपद्को सामनाका लागि महानगरपालिकाबाट विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यस्तो अवस्था उत्पन्न भएमा प्रदेश र सङ्घीय सरकारमार्फत् अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुने सहयोग परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२७. महानगरपालिका र छिमेकी स्थानीय तहमा समेत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंमसेवक समूहको गठन र क्षमता विकास गर्ने नीति लिइनेछ ।

२८. विपद् प्रतिकार्यलाई सहभागितामूलक, प्रभावकारी र मानवीय सहयोगलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउने नीति लिइनेछ।

२९. आपत्कालीन प्रतिकार्यमा विपदबाट प्रभावित सबैको पहुँच सुनिश्चत गर्न सूचना प्रविधिमा आधारित सञ्चार प्रणालीको विकास र प्रयोग गरिनेछ ।

३०. विपद्का समयमा सुरक्षित आपत्कालीन आश्रयस्थलको व्यवस्था सुनिश्चित गर्न खुल्ला क्षेत्रको पहिचान, संरक्षण र प्रयोगयोग्य बनाउने नीति लिइनेछ ।

३१. प्रभावकारी विपद् प्रतिकार्यका लागि आपत्कालीन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्री सञ्चय गरिनेछ ।

३२. विपद् जोखिम व्यवस्थापन कोषको स्थापना गरी विपद्प्रभावित समुदायमा मानवीय सहयोग उपलब्ध गराउने र तत्कालीन जोखिम घटाउने कार्य सुनिश्चित गरिनेछ ।

३३. आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी सबै वडामा घटना नियन्त्रण पद्दति सुदृढ बनाइनेछ ।

३४. सार्वजनिक तथा निजी संस्थाहरूको व्यवसाय निरन्तरता योजना बनाई कार्यान्वयन गराउने नीति लिइनेछ ।

३५. नगरप्रहरीभित्र खोज तथा उद्धार कार्यदल गठन गरी क्षमता विकास एवं साधनसम्पन्न बनाउने नीति अवलम्बन गरिनेछ ।

३६. विपद् प्रतिकार्यमा सामाजिक सुरक्षालाई प्राथमिकता दिने नीति लिइनेछ ।

३७. विपद्पछि गरिने पुनर्लाभ, पुनर्निर्माण, पुनः स्थापनालगायतका कार्यबाट नयाँ जोखिम उत्पन्न हुन नदिन "अझ बलियो र अझ राम्रो" निर्माणको पद्धति अवलम्बन गरिनेछ।

३८. विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनमा सामाजिक सुरक्षा प्राथिमकता दिइनेछ ।

३९. विपद् प्रभावित समुदायलाई आवाश, जीविकोपार्जन र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराउने तथा बैंक वा बित्तीय सँस्थाहरूमार्फत् सहुलियत कर्जाको व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ ।

४०. विपद्पछिको पुनर्निर्माण र पुनःस्थापनाका लागि सङ्घीय सरकार, प्रदेश सरकार, दाता, विकास साझेदार र निजी तथा सार्वजनिक क्षेत्रसँग सहकार्य र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

## १२.नीतिको कार्यान्वयन

१२.1 विपद् जोखिम न्यूनीकरण नीतिको प्रभावकारी कार्यान्वयनका लागि महानगरपालिकाले आवश्यक संस्थागत व्यवस्था गर्नेछ ।

१२.2 यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि मौजुदा विपद् तथा जलवायु उत्थानशील योजना, विराटनगर महानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन एवं कार्यविधिमा आवश्यकताबमोजिम संशोधनका माध्यमबाट परिमार्जन गरिनेछ ।

१२.3 महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना, विषयगत विकास क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण मार्गदर्शन, विपद् पूर्वातयारी तथा प्रतिकार्य योजना, विपद्पछिको पुनर्निर्माण कार्यढाँचा एवं औद्योगिक तथा व्यवसायिक प्रतिषठानलगायत सबै क्षेत्रका लागि आवश्यक मार्गदर्शन तर्जुमा गरी लागू गरिनेछ ।

१२.4 महानगर र वडाका विषयगत विकास योजना आवधिक एवं वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइनेछ ।

१२.5 महानगरपालिकाले नीतिको प्रभावकारी कार्यान्वयनका निमित्त समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नेछ ।

८.1. महानगरपालिकाको कार्यक्षेत्रभित्र स्वयं सामना गर्न सक्ने स-साना विपद्को समयमा आपत्कालीन प्रतिकार्यका लागि महानगरपालिका विपद् प्रतिकार्य दस्ता निर्माण गरी क्षमता विकास गरिनेछ ।

८.2. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन प्राकृतिक स्रोत र साधनको नक्साङ्कन गरी दिगो उपयोगका माध्यबाट संरक्षण र संबर्द्धन गरिनेछ।

## १३.समन्वय, अनुगमन तथा मूल्याङ्कन

9.1. यस नीतिको कार्यान्वयनको लागि प्रदेश सरकार, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकारण, सङ्घीय सरकार, महानगरपालिकाका विषयगत महाशाखा, विभाग, शाखा, वडा कार्यालयहरू, छिमेकी स्थानीय तहहरू, निजी क्षेत्र एवं विकास साझेदार सरोकारवालाबीच समन्वय र सहकार्य गरिनेछ ।

9.2. संविधानले दिएको अधिकार र जिम्मेवारी एवं यस नीतिका आधारमा महानगर विपद् व्यवस्थापन समितिले तोकेका मापदण्डअनुरूप भएका कार्यको सूचकसहित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

9.3. अनुगमन तथा मूल्याङ्कनका लागि सूचक बनाएर विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणमा भएको सुधारको मापन गरिनेछ ।

9.4. यस नीतिको कार्यान्वयनका लागि बनेका वा बन्ने रणनीतिक कार्ययोजना, विपद् तथा जलवायु उत्थानशील योजनालगायत कार्यढाँचा एवं कार्यविधिका आधारमा समेत विषयगत क्षेत्रको अनुगमन तथा मूल्याङ्कनभित्रै विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका कार्य र ती कार्यबाट प्राप्त प्रतिफलको मापन गरिनेछ ।

9.5. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण वार्षिक रूपमा अद्यावधिक गरी "महानगर विपद् प्रतिवेदन" तयार गरी सार्वजनिक गरिनेछ ।

## **१४.नीति पुनरावलोकन**

यस विपद् जोखिम न्यूनीकरण नीतिलाई समयानुकूल बनाउन महानगरपालिका विपद् व्यवस्थापन समितिको निर्णयअनुसार पुनरावलोकन र अध्यावधिक गरिनेछ।